# मादी गाउँपालिका

# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ७ संख्या ०३ असार १५ गते, २०८० साल**

# भाग १

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ सभाले जारी गरेको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# संवत् २०८० सालको ऐन नं. ३

## मादी गाउँपालिकाको जातीय छुवाछूत, भेदभाव तथा बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०८०

गाउँसभाबाट स्वीकृत मिति :२०८०/०३/१५

**प्रस्तावनाः** प्रत्येक व्यक्तिको अधिकार र मानवीय मर्यादामा समान हुने सिद्धान्तलाई आत्मसात् गर्दै प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज वा अन्य कुनै नाममा उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा छुवाछूत तथा भेदभाव नहुने अवस्था सिर्जना गरी प्रत्येक व्यक्तिको समानता, स्वतन्त्रता र सम्मानपूर्वक बाच्न पाउने अधिकारको

संरक्षण गर्न तथा कुनै पनि स्थानमा गरिने छुवाछूत, बहिष्कार, प्रतिबन्ध, निष्काशन, अवहेलना वा त्यस्तै अन्य मानवता विरोधी भेदभावजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई क्षतिपूर्तिको व्यवस्था गरी सर्वसाधारणबीच सुसम्बन्ध सुदृढ गरी  समतामूलक समाजको सिर्जना गर्ने सम्बन्धमा समयानुकूल व्यवस्था गर्न,

कुनै व्यक्तिलाई बोक्सा वा बोक्सीको आरोप लगाउने, आरोपित व्यक्तिलाई क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने वा कुनै किसिमले यातना दिने जस्तो अमानवीय कार्यलाई दण्डनीय बनाई सामाजिक कुरीति तथा अन्धविश्वासको रुपमा रहेको त्यस्तो कार्य निवारण गर्न र सो कार्यबाट पीडित व्यक्तिको संरक्षण गरी न्याय प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधनाको धारा २२१ अनुसार सोही संविधानको अनुसूचि  ८ अनुसार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ वमोजिम मादी गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद –१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “मादी गाउँपालिकाको जातीय छुवाछूत, भेदभाव तथा बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०८०” रहेको छ ।

(२) यो ऐन मादी गाउँपालिकाभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-** (क) "कसुर" भन्नाले दफा ५ र ८ बमोजिमको कार्य सम्झनु पर्छ ।

(ख) "छुवाछूत तथा भेदभाव" भन्नाले दफा ५ बमोजिमको कार्य सम्झनु पर्छ ।

(ग) "सार्वजनिक स्थान" भन्नाले सरकारी वा गैर सरकारी कार्यालय, शैक्षिक वा औद्योगिक प्रतिष्ठान, संस्था प्राचीनस्मारक, पाटी-पौवा, धारा, इनार, कुवा, पोखरी, चौतारी, सडक वा बाटो, सार्वजनिक यातायातका साधन, मसानघाट, उद्यान-बगैंचा, कुनै पनि किसिमको धार्मिक स्थल जस्ता सार्वजनिक प्रयोजनमा रहेका

स्थान सम्झनु पर्छ र सो शब्दले सार्वजनिक रुपमा वस्तु वा सेवा बिक्री वितरण गर्ने अन्य कुनैपनि स्थान समेतलाई जनाउनेछ ।

(घ) "सार्वजनिक सेवा" भन्नाले सरकारी वा गैर सरकारी कार्यालय, सार्वजनिक संस्था, यातायात, औद्योगिक वा शैक्षिक प्रतिष्ठान, कम्पनी, फर्म, पसल, होटल, रिसोर्ट, लज, रेष्टुरेण्ट, क्याफे, सिनेमा हल वा नाचघर सम्झनु पर्छ र सो शब्दले कुनै पनि सरकारी वा गैर सरकारी निकायबाट प्रदान गरिने सार्वजनिक प्रयोग वा उपयोगका कुनै पनि सेवा र सुविधा समेतलाई जनाउनेछ ।

(ङ) "सार्वजनिक समारोह" भन्नाले सार्वजनिक रुपमा आयोजना गरिएको भोज-भतेर, पूजा-पाठ, यज्ञ, अनुष्ठान, जन्म, नामाकरण, विवाह, मृत्यु जस्ता जुनसुकै प्रकारका धार्मिक, सामाजिक वा सांस्कृतिक समारोह सम्झनु पर्छ ।

(च) "सार्वजनिक पद धारण गरेको व्यक्ति" भन्नाले संविधान, अन्य प्रचलित कानून वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै

कर्तव्य पालन गर्नु पर्ने वा दायित्व निर्वाह गर्नु पर्ने पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारी समेतलाई जनाउने छ ।

(छ) "बोक्सीको आरोप सम्बन्धी कसूर" भन्नाले बोक्सीको आरोपमा दफा ८ बमोजिम गरिने कुनै कार्य सम्झनु पर्छ ।

(ज) "पीडक" भन्नाले दफा ५ र दफा ८ बमोजिम आरोप सम्बन्धी कसूर गर्ने व्यक्ति सम्झनु पर्छ ।

(झ) "पीडित" भन्नाले दफा ५ र दफा ८ बमोजिम आरोपबाट पीडित व्यक्ति सम्झनु पर्छ ।

(ञ) "बोक्सीको आरोप" भन्नाले कुनै व्यक्तिलाई बोक्सा, बोक्सी वा यस्तै अन्य नामबाट लाञ्छना लगाउने कार्य सम्झनु पर्छ र सो शब्दले बोक्सीको आरोपमा दफा ८ बमोजिम गरिने जुनसुकै कार्य समेतलाई जनाउँछ ।

(ट) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ठ ) "गाउँपालिका" भन्नाले मादी गाउँपालिका बुझ्नु पर्नेछ ।

(ड) "गाउँ सभा" भन्नाले मादी गाउँपालिकाको गाउँसभालाई बुझ्नु पर्नेछ ।

(ढ ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ण) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद –२

## जातीय, सामजिक छुवाछूत र भेदभाव विरूद्ध कार्यवाही सम्वन्धी व्यवस्था

३. **छुवाछूत तथा भेदभाव विरुद्धको अधिकारः** (१) प्रत्येक व्यक्तिलाई छुवाछूत तथा भेदभाव विरुद्धको अधिकार हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रत्येक व्यक्तिलाई देहायको अधिकार प्राप्त हुनेछः-

(१) अदालत वा अन्य न्यायिक निकायबाट समान व्यवहार पाउने अधिकार,

(२) कुनै सरकारी निकायबाट उपलब्ध गराइने सेवा तथा सुविधामा समान संरक्षणको अधिकार,

(३) सार्वजनिक सेवामा समान पहुँचको अधिकार,

(४) गाउँपालिकाभित्र र बाहिर आवत जावत र बसोवास गर्न पाउने अधिकार,

(५) सांस्कृतिक कृयाकलापमा समान सहभागिताको अधिकार,

(६) विवाह गर्ने तथा बरबधु छान्ने अधिकार,

(७) शान्तिपूर्वक भेला हुन तथा सङ्गठन गर्न पाउने अधिकार,

(८) रोजगारी छनौट गर्न तथा काम गर्न पाउने अधिकार,

(९) समान काम गरे बापत समान तलब पाउने अधिकार,

(१०) सार्वजनिक स्थानमा समान पहुँचको अधिकार,

(११) छुवाछूत तथा भेदभाव विरुद्ध शीघ्र न्यायिक उपचार र उचित क्षतिपूर्ति पाउने अधिकार ।

माढी गाउँपालिका, कास्की

४. **छुवाछूत तथा भेदभाव गर्न नहुनेः** (१) कसैले पनि छुवाछूत तथा भेदभाव गर्न वा गराउन हुँदैन ।

(२) कसैले जातीय भेदभाव वा छुवाछूत गर्ने कार्य गर्न कुनै प्रकारको मद्दत गर्न, दुरुत्साहन गर्न, उक्साउन वा त्यस्तो कार्यको उद्योग गर्न हुँदैन ।

(३) कसैले उपदफा (१) वा (२) बमोजिमको कुनै कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ।

५. **छुवाछूत तथा भेदभाव गरेको मानिनेः** (१) कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्था आधारमा यस दफा बमोजिमको कुनै काम गरे वा गराएमा छुवाछूत तथा भेदभाव गरेको मानिने छ ।

(२) कसैले कुनैपनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्था आधारमा जातीय भेदभाव वा छुवाछूत गरी सार्वजनिक वा निजी स्थानमा देहायको कुनै पनि कार्य गर्न वा गराउन हुँदैनः—

(क) प्रवेश गर्न, उपस्थित हुन वा भाग लिन निषेध गर्ने वा कुनै किसिमले रोक, नियन्त्रण वा प्रतिबन्ध लगाउने, वा

(ख) व्यक्तिगत वा सामूहिक रुपमा सार्वजनिक स्थान वा समारोहबाट निष्काशन, सामाजिक बहिष्कार वा कुनै प्रकारको भेदभाव गर्ने वा त्यस्तो कार्यमा प्रतिबन्ध लगाउने वा अन्य कुनै किसिमको असहिष्णु व्यवहार प्रदर्शन गर्ने ।

(३) कसैले कुनैपनि व्यक्तिलाई उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा सार्वजनिक सेवाको प्रयोग गर्न वा उपभोग गर्नबाट वञ्चित गर्न हुँदैन ।

(४) कसैले कुनैपनि व्यक्तिलाई उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा सार्वजनिक समारोह आयोजना गर्न वा सार्वजनिक रुपमा आयोजना हुने कुनै कार्य गर्नबाट वञ्चित गर्न हुँदैन ।

(५) कसैले पनि जातीय छुवाछूत वा भेदभाव हुने कार्य गर्न कसैलाई भड्काउने, उक्साउने वा त्यस्तो कार्य

गर्न दुरुत्साहन हुने कुनै कार्य गर्न वा त्यस्तो कुनै क्रियाकलापमा जानी—जानी सहभागी हुनु हुँदैन ।

(६) कसैले कुनै पनि व्यक्तिलाई उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै पनि पेशा वा व्यवसाय गर्न प्रतिबन्ध वा रोक लगाउने वा कुनै पनि व्यक्तिलाई कुनै पेशा वा व्यवसाय गर्न बाध्य पार्न हुँदैन ।

(७) कसैले कुनै पनि व्यक्तिलाई उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै धार्मिक कार्य गर्नबाट वञ्चित गर्न वा गराउन हुँदैन ।

(८) कसैले कुनै पनि व्यक्तिलाई उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्नबाट रोक्न वा रोक लगाउन हुँदैन ।

(९) कसैले कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउने वा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण गर्ने गरी उत्पादन, बिक्री वा वितरण गर्न वा गराउन हुँदैन ।

(१०) कसैले जात वा जातिका आधारमा परिवारका कुनै सदस्यलाई बहिष्कार गर्ने, घरभित्र प्रवेश गर्न नदिने वा घर वा गाउँबाट निकाल्ने वा निस्कन बाध्य तुल्याउने कार्य गर्न वा गराउन हुँदैन।

(११) कसैले प्रचलित कानून बमोजिम उमेर पुगेका वर–वधुवाट मञ्जूर भएको अन्तरजातीय विवाह गर्नबाट कुनै पनि व्यक्तिलाई उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसायका आधारमा रोक लगाउन, त्यस्तो विवाहबाट जन्मिएका सन्तानको न्वारान नगराउन वा भइसकेको विवाह विच्छेद गराउन कुनै किसिमले कर गर्न वा गर्न लगाउन हुँदैन ।

(१२) कसैले कुनै पनि व्यक्ति वा समुदायलाई श्रव्यदृष्य सामग्री, लेख रचना, चित्र, आकार, कार्टुन, पोष्टर, पुस्तक वा साहित्यको प्रसारण, प्रकाशन वा प्रदर्शन गरेर वा विद्युतीय माध्यमबाट वा अन्य कुनै तरिकाले कुनै व्यक्ति वा समुदायलाई त्यस्तो व्यक्ति वा समुदायको उत्पत्ति, जात वा जातिको आधारमा उच्च वा नीच दर्शाउन, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठहऱ्याउन वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित

विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनैपनि किसिमले प्रोत्साहन गर्न वा गराउन हुँदैन ।

(१३) कसैले उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसायका आधारमा कुनै पनि व्यक्तिलाई कुनै प्रकारको श्रममा लगाउन इन्कार गर्ने वा श्रमबाट निष्काशन गर्ने वा पारिश्रमिकमा भेदभाव गर्न वा गराउन हुँदैन ।

६. **उजुर गर्ने:** (१) दफा ५ बमोजिमको कसूर कसैले गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले नजिकको प्रहरी ईकाई वा प्रहरी कार्यालयमा तोकिए बमोजिम उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) वा बमोजिम प्राप्त भएको उजुरी सम्बन्धित गाउँपालिका स्थित प्रहरी ईकाई वा प्रहरी कार्यालयले दर्ता नगरेमा वा प्रचलित कानून बमोजिम आवश्यक कारबाही नगरेमा सम्बन्धित व्यक्तिले सो कुराको उजुरी तोकिए बमोजिम गाउँपालिका वा वडा कार्यालय वा राष्ट्रिय दलित आयोगमा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त उजुरी गाउँपालिका वा राष्ट्रिय दलित आयोगले सम्बन्धित प्रहरी ईकाई वा

प्रहरी कार्यालयमा तोकिए बमोजिम लेखी पठाउने छ ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा सम्बन्धित प्रहरी ईकाई वा प्रहरी कार्यालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो उजुरी उपर प्रचलित कानून बमोजिम आवश्यक कारबाही अगाडि बढाउनु पर्नेछ ।

७. **मुद्दाको अनुसन्धानमा सहयोग लिन सक्नेः** यस ऐन अन्तर्गतको मुद्दाको अनुसन्धान गर्दा अनुसन्धान गर्ने अधिकारीले आवश्यकता अनुसार दलित समुदाय लगायत जातीय भेदभाव वा छुवाछूतबाट पीडित व्यक्तिको हक अधिकार वा उत्थान सम्बन्धी कार्यमा संलग्न रहेका गाउँपालिकाका वा वडाका वा गाउँवस्तीका अगुवा, नागरिक समाज वा संघ संस्थाका प्रतिनिधिको सहयोग लिन सक्नेछ ।

## परिच्छेद –३

## बोक्सीका आरोप सम्बन्धी कसूर विरूद्ध कार्यवाही सम्वन्धी व्यवस्था

८. **बोक्सीका आरोप सम्बन्धी कसूर गरेका मानिने : (१) कसैले कुनै व्यक्ति उपर देहायको कुनै कार्य गर्न वा गराउन हुँदैनः—**

(क) बोक्सीको आरोप लगाउने,

(ख) बोक्सीको आरोपमा गाली वेइज्यती गर्ने,

(ग) बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्य प्रति अपमानजनक व्यवहार गर्ने,

(घ) बोक्सीको आरोपमा सामाजिक बहिष्कार गर्ने,

(ङ) बोक्सीको आरोपमा बसोबास गरेको ठाउँबाट निकाला गर्ने,

(च) धामी, झाँक्री, टुनामुना, तन्त्रमन्त्र, झारफुक वा यस्तै अन्य कुनै माध्यमद्वारा बोक्सीको आरोप लगाउने,

(छ) बोक्सीको आरोपमा कुनै व्यक्तिलाई कुटपिट गर्ने, खोप्ने, डाम्ने, पोल्ने वा रासायनिक, विषालु

वा जैविक पदार्थ प्रयोग गरी वा अन्य कुनै किसिमले यातना दिने, मलमूत्र खुवाउने, चारपाटा मुड्ने, नग्न पारी वा नपारी कुनै ठाँउमा घुमाउने वा कुनै किसिमले क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने,

(ज) बोक्सीको आरोपमा अंगभंग गर्ने,

(झ) बोक्सीको आरोपमा कसैको सम्पत्ति तोडफोड, हिनामिना वा हानी नोक्सानी गर्ने,

(ञ) खण्ड (क) देखि (छ) सम्मको कुनै कार्य गर्न उद्योग गर्ने, त्यस्तो कार्य गर्न कसैलाई दुरुत्साहन दिने वा सो कार्य गर्न मद्दत गर्ने ।

(२) कसैले उपदफा (१) बमोजिमको कुनै कार्य गर्ने वा बोक्सीको आरोप लगाउने कार्यलाई मद्दत पुग्ने उद्देश्यले कुनै भेला गरे वा गराएमा यस ऐन बमोजिम बोक्सीको आरोप सम्बन्धी कसूर गरेको मानिनेछ ।

९. **बोक्सीका आरोप सम्बन्धी कसूरका सूचनाः** (१) कुनै ठाँउमा बोक्सीको आरोप सम्बन्धी कसूर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई यथासक्य छिटो सो कुराको

लिखित जाहेरी दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी चौकी वा प्रहरी कार्यालयमा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कसैले लिखित जाहेरी दरखास्त दिन ल्याएमा तुरुन्तै र मौखिक रुपमा सूचना दिएकोमा प्रहरी कार्यालयले निजको कुरा दरखास्तको रुपमा लेखी निजको सहीछाप गराई दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दरखास्त वा सूचना प्राप्त हुन आएमा प्रहरी चौकी वा प्रहरी कार्यालयले चौबीस घण्टाभित्र पीडकलाई झिकाई वा पक्राउ गरी प्रचलित कानून बमोजिम अनुसन्धान तथा तहकिकात गर्नु पर्नेछ ।

१०. **उपचार तथा घा जाँच गराउन पर्ने** : (१) कुनै पीडित शारीरिक वा मानसिक रुपमा अशक्त भएको देखिएमा प्रहरी चौकी वा प्रहरी कार्यालयले निजलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लगी तत्काल उपचार गराउनु पर्नेछ ।

(२) पीडितलाई कुनै शारीरिक चोटपटक वा मानसिक यातना पुगेको देखिएमा प्रहरी चौकी वा प्रहरी कार्यालयले पीडितको उपचारमा संलग्न चिकित्सकबाट निजको घा-जाँच वा परीक्षण गराउनु पर्नेछ ।

(३) पीडितलाई तत्काल मनोविमर्श सेवा उपलब्ध गराउन आवश्यक देखिएमा प्रहरी चौकी वा प्रहरी कार्यालयले सम्बन्धित विज्ञद्वारा निजलाई मनोविमर्श सेवा उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ ।

११. **सुरक्षा व्यवस्था मिलाउनेः** दफा ९ बमोजिम प्राप्त भएको दरखास्त वा सूचना उपर प्रारम्भिक रुपमा छानबिन गर्दा पीडित, निजको परिवारको कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरी चौकी वा प्रहरी कार्यालयले तत्काल सुरक्षाको समुचित व्यवस्था मिलाउनु पर्नेछ ।

१२. **पक्राउ गर्न वा खानतलासी लिन सक्ने** : (१) बोक्सीको आरोप सम्बन्धी कसूर मानिने कुनै कार्य कुनै घर, जग्गा वा स्थानमा भएको, भइरहेको वा हुन लागेको जानकारी पाई तुरुन्त कारबाही नगरेमा कसूरदार भाग्ने, उम्कने वा त्यस्तो कसूरसँग सम्बन्धित कुनै प्रमाण लोप वा नष्ट हुने सम्भावना देखिएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जाको प्रहरी कर्मचारीले पर्चा खडा गरी जुनसुकै बखत देहायको कार्य गर्न सक्नेछ :—

(क) त्यस्तो घर, जग्गा वा स्थानमा प्रवेश गर्न, खानतलासी लिन वा आफ्नो कब्जामा राख्न,

(ख) त्यस्तो कार्य गर्न लाग्दा कसैले बाधा विरोध गरेमा आवश्यकता अनुसार झ्याल, ढोका खोली वा फोरी आवश्यक कारबाही गर्न,

(ग) त्यस्तो कार्य गर्ने व्यक्तिलाई विना पक्राउ पूर्जी गिरफ्तार गर्न वा निजको खानतलासी लिन,

(घ) त्यस्तो घर, जग्गा वा स्थानमा भेटिएका दसी, प्रमाण बरामद गर्न वा कब्जामा लिन ।

(२) प्रहरी कर्मचारीले उपदफा (१) बमोजिमको कार्य गर्दा सम्भव भएसम्म सम्वन्धित वडा वा गाउँपालिकाका प्रतिनिधि र सम्भव नभए सो समयमा त्यस ठाउँमा उपस्थित व्यक्तिहरुको रोहबरमा सोको मुचुल्का तयार गर्नु पर्नेछ र त्यस्तो मुचुल्काको प्रतिलिपि सम्बन्धित घर वा जग्गाधनीलाई समेत दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम महिलालाई पक्राउ गर्नुपर्ने भएमा महिला प्रहरीले पक्राउ गर्नु पर्नेछ र महिला प्रहरी नभएमा अन्य कुनै महिलाको सहयोग लिई पक्राउ गर्न सकिनेछ ।

१३. **थुनामा राखी कारबाही गर्न पर्ने :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि तत्काल प्राप्त प्रमाणबाट अभियुक्त बोक्सीको आरोप सम्बन्धी कसूरको कसूरदार हो भन्ने विश्वास गर्ने मनासिव आधार भएमा मुद्दा हेर्ने अदालतले निजलाई थुनामा राखी कारबाही गर्नु पर्नेछ ।

१४. **छुट्टै कानून व्यवसायी राख्न सक्नेः** पीडितले चाहेमा बोक्सीको आरोप सम्बन्धी कसूरसँग सम्बन्धित मुद्दाको प्रतिरक्षा गर्न छुट्टै कानून व्यवसायी राख्न सक्नेछ ।

१५. **अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्नेः** (१) अदालतले यस ऐन बमोजिम मुद्दाको कारबाहीको क्रममा पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखेमा मुद्दाको अन्तिम निर्णय नभएसम्मको लागि पीडकका नाममा देहाय बमोजिम गर्न आदेश जारी गर्न सक्नेछ :—

(१) पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,

(२) पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन,

(३) गाली बेइज्जती गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न वा नगराउन,

(४) पीडित बसेको ठाउँ, बाटोघाटो वा कार्यालयमा गई, कुनै किसिमको सञ्चार माध्यमद्वारा वा अन्य कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न,

(५) पीडितको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपयुक्त कार्य गर्न वा गराउन ।

(२) मुद्दाको कारबाहीको क्रममा पीडितको परिवारको कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई संरक्षण दिन आवश्यक देखेमा अदालतले त्यस्तो व्यक्तिको संरक्षणको लागि उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

## परिच्छेद –४

## जातीय छुवाछूत, भेदभाव तथा बोक्सीको आरोप जस्ता कुरूती निवारण समिति

**१६. जातीय छुवाछूत, भेदभाव तथा बोक्सीको आरोप जस्ता कुरूती निवारण समिति सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिकामा जातीय छुवाछूत, भेदभाव तथा बोक्सीको आरोप जस्ता कुरूती निवारण गर्नको लागि गाउँपालिका जातीय छुवाछूत, भेदभाव तथा बोक्सीको आरोप जस्ता कुरूती निवारण समिति रहनेछ ।

(२) गाउँपालिका जातीय छुवाछूत, भेदभाव तथा बोक्सीको आरोप जस्ता कुरूती निवारण समितिको गठन देहाय बमोजिम हुनेछः—

(क) गाउँ कार्यपालिकाको उपाध्यक्ष - संयोजक

(ख) गाउँ कार्यपालिकाको वडा अध्यक्ष (दलित) वा गाउँकार्यपालिकाले तोकेको गाउँकार्यपालिकाको दलित सदस्य - उपसंयोजक

(ग) गाउँपालिकाभित्रका विद्यालयका प्रधानाध्याक मध्येबाट गाउँ कार्यपालिकाको अध्यक्षले तोकेको व्यक्ति - सदस्य

(घ) गाउँ कार्यपालिकाको अध्यक्षले तोकेको स्थानीय स्वास्थ्य चौकी वा अस्पतालको चिकित्सक- सदस्य

(ङ) गाउँ कार्यपालिकाको महिला शाखा प्रमुख - सदस्य

(च) गाउँपालिका स्थित प्रहरी कार्यालयको प्रमुख - सदस्य

(छ) दलित तथा असाय भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा गाउँपालिकास्तरमा कार्यरत संघ संस्थाहरुमध्येबाट समितिले

मनोनयन गरेको एक जना संस्थाको प्रतिनिधि - सदस्य

(ज) दलित तथा असाय भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा गाउँपालिकास्तरमा कार्यरत व्यक्तिहरू मध्ये गाउँपालिका अध्यक्षले मनोनयन गरेकोएक जना महिला,एक जना दलित सहित तीन जना - सदस्य

(झ) गाउँ कार्यपालिकाको उपाध्यक्षले तोकेको गाउँ कार्यपालिकाको मुद्दा शाखाको वा सो सम्वन्धी कार्य गर्ने कर्मचारी - सदस्य सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(४) उपदफा (२) बमोजिम मनोनीत कुनै सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा समितिले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउँदा निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

१७. **गाउँपालिका जातीय छुवाछूत, भेदभाव तथा बोक्सीको आरोप जस्ता कुरूती निवारण समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) गाउँपालिका जातीय छुवाछूत, भेदभाव तथा

बोक्सीको आरोप जस्ता कुरूती निवारण समिति को बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्ने सूचना सो समितिको सदस्य-सचिवले बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता सो समितिका संयोजकले र निजको अनुपस्थितिमा समितिका सदस्यले आफूहरुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले सम्बन्धित क्षेत्रका कुनै पदाधिकारी वा विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(९) समन्वय समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. **गाउँपालिका जातीय छुवाछूत, भेदभाव तथा बोक्सीको आरोप जस्ता कुरूती निवारण समितिको काम र कर्तव्यः** गाउँपालिका जातीय छुवाछूत, भेदभाव तथा बोक्सीको आरोप जस्ता कुरूती निवारण समितिको काम र कर्तव्य देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकामा जातीय छुवाछूत, भेदभाव तथा बोक्सीजस्ता कुरूती निवारण गर्नको लागि नीति तर्जुमा गर्न गाउँपालिकालाई सिफारिस गर्ने,

(ख) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाबाट स्वीकृत नीतिको अधीनमा रही जातीय छुवाछूत, भेदभाव तथा बोक्सी जस्ता कुरूती निवारण गर्नको लागि जनचेतना सम्बन्धी कार्यक्रम बनाई लागू गर्ने,

(ग) जातीय छुवाछूत, भेदभाव तथा बोक्सीको आरोप जस्ता कुरूतीबाट प्रभावित व्यक्तिको अधिकार, सेवा सुविधा र अवसरको उपभोग, संरक्षण र प्रबर्धन गरी व्यक्तिलाई बिना भेदभाव मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण उपयोग गर्न उपयुक्त उपाय अवलम्बन गर्ने, गराउने,

माढी गाउँपालिका

(घ) जातीय छुवाछूत, भेदभाव तथा बोक्सीको आरोप जस्ता कुरूती निवारण सम्बन्धी काम कारबाहीमा सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूबीच समन्वय गर्ने,

(ङ) जातीय छुवाछूत, भेदभाव तथा बोक्सीको आरोप जस्ता कुरूती निवारण सम्बन्धी प्रचलित कानूनमा आवश्यक सुधार गर्नु पर्ने भएमा गाउँपालिकालाई सुझाव दिने,

(च) जातीय छुवाछूत, भेदभाव तथा बोक्सीको आरोप जस्ता कुरूतीबाट मर्कामा परेका व्यक्तिहरूको हकहित,अधिकारको संरक्षण र सेवा सुविधाका लागि काम गर्ने संस्थाको कार्यमा सहयोग गर्ने , यस्ता संस्था वा व्यक्तिलाई सम्मान गर्न गाउँपालिकामा सिफारिश गर्ने ।

(छ) जातीय छुवाछूत, भेदभाव तथा बोक्सीको आरोप जस्ता कुरूती निवारण सम्बन्धमा अध्ययन, सूचना सङ्कलन र प्रकाशन गर्ने, गराउने,

(ज) जातीय छुवाछूत, भेदभाव तथा बोक्सीजस्ता कुरूती कुनै काम कारबाही कसैद्वारा भए गरेको पाइएमा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने, अदालतबाट यस सम्बन्धी भएका

निर्णय वा फैसला कार्यान्वयन गर्न अबश्यक पहल तथा सहयोग गर्ने ।

(झ) जातीय छुवाछूत, भेदभाव तथा बोक्सीको आरोप जस्ता कुरूतीबाट मर्का पर्ने व्यक्ति वा समुदायको हक, हित तथा संरक्षणको विषयमा गाउँपालिका स्तरमा काम गर्ने विभिन्न निकाय, संघ वा संस्थासँग समन्वय गरी विभिन्नकार्यक्रम सञ्चालन गर्ने तथा त्यस्तो काम सञ्चालन गर्न कुनै निकायलाई निर्देशन दिने,

(ञ) जातीय छुवाछूत, भेदभाव तथा बोक्सीको आरोप जस्ता कुरूतीबाट मर्का पर्ने व्यक्तिको हक, हित तथा संरक्षणको लागि अवश्यक पर्ने स्रोतको व्यवस्था गर्नेक्षतिपूर्ति दिनको लागि बिशेष पहल गर्ने । ,

(ट) गाउँपालिका तहभित्र जातीय छुवाछूत, भेदभाव तथा बोक्सीको आरोप लागि पीडा तथा अन्यायमा परेका व्यक्तिहरूको अभिलेख सङ्कलन तथा अद्यावधिक गर्न लगाउने,

(ठ) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद-५
## सजाय तथा क्षतिपूर्ति

१९. **सजायः**

माडी गाउँपालिका, कास्की

(१) कसैले देहायको कसूर गरेमा देहाय बमोजिम सजाय हुनेछः—

(क) दफा ५ को उपदफा (२), (३), (४), (५), (६) वा (७) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन महिनादेखि तीनवर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिबाना,

(ख) दफा ५ को उपदफा (८), (९), (१०), (११), (१२) वा (१३) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक महिना देखि एक वर्षसम्म कैद वा पाँच सय रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,

(ग) छुवाछूत तथा भेदभाव गर्न मद्दत गर्ने, दुरुत्साहन गर्ने, उक्साउने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय ।

(२) दफा ५ बमोजिमको कुनै कसूरमा सजाय पाएको व्यक्तिले पुनः सोही दफा बमोजिमको कसूर गरेमा त्यस्तो व्यक्तिलाई पटकै पिच्छे उपदफा (१) को खण्ड (क) वा (ख) मा उल्लिखित सजायको दोब्बर सजाय हुनेछ ।

(३) सार्वजनिक पद धारण गरेको व्यक्तिले उपदफा (१) बमोजिमको कसूर गरेमा निजलाई सो उपदफामा उल्लिखित सजायमा पचास प्रतिशत थप सजाय हुनेछ

(४) दफा ८ को उपदफा (१) को देहायको खण्ड बमोजिम बोक्सीको आरोप सम्बन्धी कसूर गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछ :—

(क) खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिनादेखि दुई वर्षसम्म कैद र पाँच हजारदेखि बीस हजार रुपैंयाँसम्म जरिवाना,

(ख) खण्ड (ख) वा (ग) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक वर्षदेखि तीन वर्षसम्म कैद र दश हजारदेखि तीस हजार रुपैंयाँसम्म जरिवाना,

(ग) खण्ड (घ) वा (ङ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दुई वर्षदेखि पाँच वर्षसम्म कैद र बीस हजारदेखि पचास हजार रुपैंयाँसम्म जरिवाना,

(घ) खण्ड (च) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षदेखि सात वर्षसम्म कैद र तीस हजारदेखि पचहत्तर हजार रुपैंयाँसम्म जरिवाना,

(ङ) खण्ड (छ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पाँच वर्षदेखि आठ वर्षसम्म कैद र पचास हजारदेखि एकलाख रुपैंयाँसम्म जरिवाना,

(च) खण्ड (ज) बमोजिमको कसूर गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम हुने सजायमा थप दश प्रतिशत सजाय,

(छ) खण्ड (ञ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय ।

(२) दफा ८ को उपदफा (२) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिनादेखि दुई बर्षसम्म कैद र पाँच हजारदेखि बीस हजार रुपैंयाँसम्म जरिवाना हुनेछ ।

(३) बोक्सीको आरोप सम्बन्धी कसूरमा सजाय पाइसकेको व्यक्तिले पुनःसोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुनेछ ।

(४) कसैले आफ्नो संरक्षण वा अभिभावकत्वमा रहेको व्यक्ति विरुद्ध बोक्सीको आरोप सम्बन्धी कसूर गरेमा वा सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले बोक्सीको आरोप सम्बन्धी कसूर गरेमा त्यस्तो व्यक्तिलाई उपदफा

(४) बमोजिम हुने सजायमा पच्चीस प्रतिशत थप सजाय हुनेछ ।

(५) उपदफा (६) र (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई बोक्सीको आरोप सम्बन्धी कसूरमा एकै पटक पन्ध्र वर्ष भन्दा बढी सजाय हुने छैन ।

(६) कसैले बोक्सीको आरोपमा कसैको सम्पत्ति तोडफोड, हिनामिना वा हानी नोक्सानी गरी क्षति पुयाएमा निजलाई उपदफा (१) को खण्ड (क) बमोजिम सजाय गरी सो क्षति बराबरको रकम समेत त्यस्तो व्यक्तिबाट पीडितलाई भराई दिनुपर्नेछ ।

(७) कसैले दफा १५ बमोजिम अदालतबाट दिइएको आदेश पालन नगरेमा वा कसैले बोक्सीको आरोप सम्बन्धी कसूरको अनुसन्धान तथा तहकिकात सम्बन्धी काम कारबाहीमा बाधा विरोध गरेमा निजलाई तीस हजारदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा तीन महिनादेखि नौ महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कसैले यस ऐन विपरीत कुनै कसूर गरे वापत प्रचलित कानून बमोजिम यस दफामा लेखिए

भन्दा बढी सजाय हुने रहेछ भने सोही कानून बमोजिमको सजाय हुनेछ ।

२०. **क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः** (१) कसैले यसऐनको दफा ५ बमोजिमको कसूर गरेको ठहरेमा अदालतले कसूरदारबाट पीडितलाई दुई लाख रुपैयाँसम्म क्षतिपूर्ति भराइदिनु पर्नेछ ।

(२) कसूरदारले पीडितलाई कुनै शारीरिक हानि, नोक्सानी पुऱ्याएको रहेछ भने अदालतले सोको प्रकृतिको आधारमा उपचार खर्च वा थप हानि, नोक्सानी वापत कसूरदारबाट पीडितलाई मनासिब रकम भराउने आदेश दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको रकम कसूरदारबाट तत्काल भराउन नसकिने भएमा त्यस्तो रकम प्रचलित कानून बमोजिम पीडित राहत कोषबाट भराइदिनु पर्नेछ र त्यसरी भराइएको रकम सम्बन्धित कसूरदारबाट असूल उपर गरी सो कोषमा शोधभर्ना गर्नु पर्नेछ

(४) अदालतले यस ऐनको दफा ८ बमोजिम मुद्दाको फैसला गर्दा बोक्सीको आरोप सम्बन्धी कसूरको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडकको आर्थिक हैसियत समेतलाई विचार गरी पीडकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडकको आर्थिक अवस्था कमजोर भएको कारण पीडकले त्यस्तो क्षतिपूर्ति उपलब्ध गराउन नसक्ने कुरा अदालतलाई लागेमा अदालतले उपयुक्त ठहयाए बमोजिमको रकम सम्बन्धित स्थानीय तहले व्यहोर्ने गरी आदेश गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम अदालतबाट भएको आदेश बमोजिमको रकम सम्बन्धित स्थानीय तहले साठी दिनभित्र पीडितलाई उपलब्ध गराउनु पर्नेछ ।

(७) उपदफा (४) वा (५) बमोजिमको क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम निजको नावालक छोरा छोरी, त्यस्ता छोरा छोरी नभएमा पति पत्नी र निजहरु पनि नभएमा निजका आश्रित बाबु आमालाई उपलब्ध गराइनेछ ।

२१. **उपचारका रकम सम्बन्धी व्यवस्थाः** (१) दफा ५ र दफा ८ बमोजिम पीडित शारीरिक वा मानसिक रुपमा अशक्त भएको कारणले अस्पताल वा स्वास्थ्य केन्द्रमा उपचार गराउनु परेमा निजलाई उपचार गराउँदा लागेको र कुरुवा राख्दा भएको सम्पूर्ण खर्च पीडकले व्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडकको आर्थिक अवस्था कमजोर भएको कारण पीडकले त्यस्तो उपचार खर्च तथा कुरुवा खर्च

व्यहोर्न नसकी पीडित आफैले वा प्रहरी कार्यालयबाट त्यस्तो रकम खर्च गरेको भए पीडित वा प्रहरी कार्यालयले त्यस्तो रकम प्रचलित कानून बमोजिम स्थापना भएको लैङ्गिक हिंसा निवारण कोषबाट सोधभर्ना लिन सक्नेछ ।

माद्दी गाँउपालिका, कास्की

## परिच्छेद-६

## विविध

२२. **सेवा केन्द्रमा राख्न सक्नेः** (१) पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्था गर्नु पर्ने देखिएमा प्रहरी कार्यालयले निजलाई नजिकको सेवा केन्द्रमा राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा केन्द्रमा रहेको पीडितलाई सेवा केन्द्रले आवश्यकता अनुसार कानूनी सहायता, मनोविमर्श वा मनोवैज्ञानिक सेवा वा आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ ।

२३. **सचेतना कार्यक्रम सञ्चालन गर्नेः** नेपाल सरकार, प्रदेश सरकारसंग समन्वय गरी गाउँपालिकाले दफा ५ र दफा ८ को आरोप सम्बन्धी कसूर हुन नदिन विभिन्न किसिमका सचेतना कार्यक्रम सञ्चालन गर्न वा गराउनु पर्नेछ ।

२४. **बन्द इजलासबाट सुनुवाई हुनेः** यस ऐन अन्तर्गतको बोक्सीको आरोप सम्बन्धी मुद्दाको पीडितले माग गरेमा यस ऐन बमोजिम कसूर मानिने मुद्दाको सुनुवाई बन्द इजलासबाट गरिनेछ ।

२५. बाधा विरोध गर्नेलाई सजायः यस ऐन अन्तर्गत सजाय हुने कसूरको अनुसन्धान वा तहकिकातको काममा कसैले बाधा विरोध गरेमा निजलाई अनुसन्धान तथा तहकिकात गर्ने

अधिकारीको प्रतिवेदनको आधारमा अदालतले कसूरदारलाई हुने सजायको आधा सजाय गर्न सक्नेछ .

२६. हदम्यादः (१) यस ऐन अर्न्तगतको दफा ५ अनुसारका कसूरमा कसूर भए गरेको मितिले तीन महिनाभित्र मुद्दा दायर गर्नु पर्नेछ ।

(२) बोक्सीको आरोप सम्बन्धी दफा ८ अनुसारका कसूर भए गरेको मितिले नब्बे दिनभित्र जाहेरी दरखास्त वा सूचना दिनु पर्नेछ ।

२७. **सरकारवादी हुनेः** यस ऐन अन्तर्गतको मुद्दा सरकारवादी हुनेछ ।

२८. **संक्षिप्त कार्यविधि अपनाउनु पर्नेः** यस ऐन अन्तर्गतको बोक्सीको आरोप सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्दा संघीय सरकारको संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

२९. **प्रचलित कानून बमोजिम सजाय हुनेः** यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम समेत कसूर हुने रहेछ भने त्यस्तो कसूरमा प्रचलित कानून बमोजिम मुद्दा चलाइ कारबाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुर्याएको मानिने छैन ।

३०. **सहयोग गर्नु पर्नेः** यस ऐन अन्तर्गतको मुद्दामा अनुसन्धान तथा तहकिकातको कार्यमा सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

३१. **नियम तथा विनियम बनाउने अधिकार :** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही आवश्यक विनियम तथा कार्यविधि बनाउन सक्नेछ ।

माद्दी गाउँपालिका, का

**आज्ञाले**

**नारायण प्रसाद अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**